**आकाशवाणी समाचार- नेपाली**

मितिः २७ जनवरी २०२६

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- प्रधानमंत्री नरेन्द्र मोदीको अगुवाईमा आज नयाँ दिल्लीमा भारत-यूरोपीय संघ शिखर सम्मेलन, भारत-युरोपेली संघ प्रस्तावित मुक्त व्यापार समझौताको घोषणा हुने सम्भावना।

- लोकसभा अध्यक्ष ओम बिरला र केन्द्रीय संस्कृति र पर्यटन मन्त्री गजेन्द्र सिंह शेखावतले नयाँ दिल्लीको लाल किल्लामा आयोजित राष्ट्रिय संस्कृति तथा पर्यटन महोत्सव भारत पर्व 2026 को गरे उद्घाटन।
- नेपालको राजधानी काठमाण्डूमा भारतको 77 औं गणतंत्रदिवस भव्यरूपमा पालन।
- भाजपाका नयाँ राष्ट्रीय अध्याक्ष नितिन नवीन आज देखि दुई दिने पश्चिम बंगाल भ्रमणमा आउने, कैयन सांगठनिक कार्यक्रमहरूमा सहभागिता गर्ने छन्।

**भारत-ईयू मुक्त व्यापार समझौता**

वाणिज्य सचिव राजेश अग्रवालले भन्नु भयो भारत र यूरोपीय संघले प्रस्तावित मुक्त व्यापार समझौताका लागि आधिकारिक स्तरको कुराकानी पूरा गरि सकेकोछ। जसको घोषणा आज नयाँ दिल्लीमा प्रधानमंत्री नरेन्द्र मोदीको मेजबानीमा हुन गइरपहेको भारत-यूरोपीय संघ शिखर सम्मेलन को बेला गरिनो छ। यूरोपीय आयोगकी अध्यक्षा उर्सुला फॉन डेर लायन र यूरोपीय परिषदका अध्यक्ष एंटोनियो कोस्टा आज नयाँ दिल्लीमा प्रधानमंत्री नरेन्द्र मोदीसित शिखर वार्ता पनि गर्ने छन्। राजेश अग्रवालले थु भन्नु भयो....

............ बाइट... अग्रवाल..........

**यूरोपीय संघ**

युरोपेली सङ्घका उपाध्यक्ष काजा कलासले आज भारत र युरोपेली सङ्घबीच सुरक्षा र रक्षा साझेदारीसम्बन्धी समझदारी पत्रमा हस्ताक्षर हुने घोषणा गर्नुभएको छ। युरोपेली परिषदका अध्यक्ष एन्टोनियो लुइस सान्तोस डा कोस्टा र युरोपेली संघका अध्यक्ष उर्सुला भोन डेर लेयन भारतको राजकीय भ्रमणमा हुनुहुन्छ र ७७ औं गणतन्त्र दिवस समारोहमा मुख्य अतिथि हुनुहुन्थियो। दुई नेताहरूले आज १६ औँ भारत-युरोपेली शिखर सम्मेलनको सहअध्यक्षता पनि गर्नुहुनेछ। सुश्री कलासले भनिन् कि भारत र यूरोपीय संघ घनिष्ठ सहयोगतर्फ अघि बढिरहेका छन्, जसले यूरोपीय संघलाई फाइदा पुर्याइरहेको छ। उनले भनिन, 'दुई देशबीचको बढ्दो सम्बन्धको प्रतीकको रूपमा यूरोपीय संघको नौसैनिक अभियानहरु, अटलांटा र एस्पाइड्सका कर्मिहरुले प्रथमचोटी गणतंत्र दिवस परेडमा भाग लिएका थिए।

**भारत ऊर्जा सप्ताह-गोवा**

प्रधान मन्त्री नरेन्द्र मोदीले आज दक्षिण गोवामा आयोजित भारत ऊर्जा सप्ताह २०२६ को चौथो संस्करणको भर्चुअल उद्घाटन गर्नुहुनेछ। उद्घाटन पश्च्यात प्रधानमंत्री प्रतिनिधिहरुलाई वर्चुअल रूपमा संबोधित गर्नुहुनेछ। केन्द्रीय पेट्रोलियम र प्राकृतिक ग्यास मन्त्री हरदीप सिंह पुरी, संयुक्त अरब अमिरातका उद्योग र उन्नत प्रविधि मन्त्री डा. सुल्तान अहमद अल जाबेर, क्यानाडाका ऊर्जा र प्राकृतिक संसाधन मन्त्री टिम हजसनका साथै अफ्रिका, मध्य पूर्व, मध्य एसिया र ग्लोबल साउथका वरिष्ठ मन्त्रीहरू दक्षिण गोवा जिल्लाको बैतुल गाउँमा आयोजित उद्घाटन समारोहमा उपस्थित हुनेछन्। भारत ऊर्जा सप्ताहको मुख्य उद्देश्य ऊर्जा सुरक्षालाई सुदृढ पार्नु, लगानीलाई प्रोत्साहित गर्नु र कार्बन उत्सर्जन कम गर्ने

व्यावहारिक, व्यापक रूपमा कार्यान्वयन योग्य मार्गहरूको विकास गर्नु हो जसलाई विकासको विभिन्न चरणहरुमा अर्थव्यवस्थाहरुद्वारा अपनाउन सकिनेछ। विश्वव्यापी ऊर्जा कूटनीतिमा भारत ऊर्जा सप्ताहको बढ्दो भूमिकालाई जोड दिँदै अमेरिका, युरोप, मध्य पूर्व, अफ्रिका र एशिया-प्रशान्त क्षेत्रका प्रतिनिधिहरूले तीन दिने सम्मेलनमा भाग लिनेछन्। भारत ऊर्जा सप्ताहमा १२० भन्दा बढी देशका ७५,००० भन्दा बढी ऊर्जा पेशेवरहरूले पनि भाग लिने अपेक्षा गरिएको छ।

**भारत महोत्सव**

लोकसभा अध्यक्ष ओम बिरला र केन्द्रीय संस्कृति तथा पर्यटन मन्त्री गजेन्द्र सिंह शेखावतले नयाँ दिल्लीको लाल किल्लामा आयोजित राष्ट्रिय संस्कृति तथा पर्यटन महोत्सव भारत पर्व 2026 को उद्घाटन गर्नु भयो। यस अवसरमा, श्री बिरलाले महोत्सवलाई भारतको सांस्कृतिक सम्पदालाई सुदृढ पार्ने प्लेटफर्मको रूपमा वर्णन गर्नु भयो। उहांले भन्नु भयो यस महोत्सव मार्फत मानिसहरूले विभिन्न राज्य र क्षेत्रहरूको संस्कृति जान्ने अवसर पाउनेछन्। श्री बिरलेले भन्नु भयो कि यो पहलले देशको पर्यटन सम्भावनालाई बढाउनुमा महत्त्वपूर्ण भूमिका खेल्नेछ। यस अवसरमा संस्कृति तथा पर्यटन मन्त्री गजेन्द्र सिंह शेखावतले यस महोत्सव मार्फत मानिसहरूले देशको परम्परा, लोक कला, शिल्प, खाना र पर्यटकीय स्थलहरूको गहिरो जानकारी प्रदान गर्ने बताउनु भयो, जसले राष्ट्रको सम्पत्तिसँग मानिसहरूको सम्बन्धलाई बलियो बनाउनेछ। यस कार्यक्रममा 34 राज्यहरूका पर्यटन मंडप, 24 केन्द्रीय मन्त्रालयका स्टल र देशभरीका प्रमुख संस्था र संस्थाहरू सहभागीता गरिरहेका छन्।

**प्रगति - विशेष समाचार**

सक्रिय शासन र सरकारी योजनाहरूको समयमै कार्यान्वयनको लागि प्रधानमन्त्रीको प्रमुख प्लेटफर्म, प्रगतिले आफ्नो 50 औं बैठकको सफल आयोजनासँगै एक महत्त्वपूर्ण कोसेढुङ्गा हासिल गरेको छ। प्रधानमन्त्री नरेन्द्र मोदीले 2015 मा प्रगतिको सुरुवात गर्नुभएको थियो, जसले प्रमुख पूर्वाधार परियोजनाहरू र जनगुनासोहरूको प्रत्यक्ष समीक्षा मार्फत वास्तविक-समयमा परियोजना क्रियान्वयन र समाधानलाई सक्षम पारेर शासनमा क्रान्तिकारी परिवर्तन ल्याउने लक्ष्य राखेको छ। यो प्लेटफर्म सहकारी संघीयताको एक उत्कृष्ट उदाहरण हो, जसले केन्द्र, राज्य र केन्द्रीय मन्त्रालयहरूलाई एउटै डिजिटल प्लेटफर्ममा एकसाथ ल्याउँछ। एक दशकभन्दा बढी समयदेखि, प्रगतिले निर्णय लिने प्रक्रियालाई तीव्र बनाउन, प्रमुख पूर्वाधार परियोजनाहरूमा ढिलाइका कारणहरूलाई सम्बोधन गर्न र जवाफदेहिताको बलियो संस्कृतिलाई बढावा दिन मद्दत गरेको छ। आज, यस विशेष शृङ्खलामा, हामी ओडिशाको हरिदासपुर-पारादीप नयाँ रेलवे लाइन परियोजनाबारे जान्नेछौं।

......... बाइट ..........

(ओडिशा मा 82 किमी लामो हरिदासपुर-पारादीप नयाँ रेल लाइनलाई पूर्वी भारतको खनिज-समृद्ध भित्री इलाकाहरू अनि पारादीप बंदरगाह बीच एउटा सोझो, हाई-कैपेसिटी रेल लिंक बनाउनका लागि बनाइएको हो। यो प्रोजेक्ट रेल मंत्रालय द्वारा स्पॉन्सर गरिएको थियो अनि जनवरी 1997 मा यसलाई मंज़ूरी प्रदान गरिएको थियो। स्पष्ट रणनीतिक कारण अनि तकनीकी तैयारी रहेतापनि, यो परियोजनाका लागि ज़मीन अधिग्रहणमा निकै अबेर भयो, वित्तीय समस्याहरू र लाइसेंस अनि मंज़ूरीमा ढीलाई जस्ता आम चुनौतिहरूको सामना गर्न परेको थियो। यी समस्याहरूलाई जंगल र पर्यावरण संबंधी मंज़ूरीले झन बढाएको थियो, सिविल वर्क र निर्माण गतिविधिहरू असमान रूपले आघी बढ्यो, जसले गर्दा परियोजनालाई समयमा पूरा गर्न साथै यसको निर्धारित लागत खर्च कैयन गुणा बढ्ने खतरा उत्पन्न भएर गयो।

अगस्त 2018 मा यो परियोजनालाई PRAGATI समीक्षामा शामेल गरियो। समिक्षा पछि यो परियोजनाले एउटा नयाँ दिशा पायो र यसमा निर्णायक परिवर्तन आयो। बंदरगाह-आधारित लॉजिस्टिक्स र माल ढुवानीका लागि यस परियोजनाको राष्ट्रीय महत्वलाई चिन्हित गरियो। प्रधानमंत्री नरेंद्र मोदीले ओडिशा सरकार, रेल मंत्रालय र ज़िला प्रशासनहरूलाई मिशन मोडमा यसको लम्बित भूमि अधिग्रहण र वैधानिक मंज़ूरी समस्याको समाधान गर्ने स्पष्ट, समयबद्ध निर्देश दिनु भयो। PRAGATI समिक्षा पछि, केंद्रित प्रशासनिक हस्तक्षेप र संरचित मुआवज़ा तंत्र अनि प्रभावित ज़मीन मालिकहरूका साथ सोझो सम्पर्कको माध्यमले भूमि अधिग्रहण गतिविधिहरूमा तेज़ी ल्याईयो। 1996 मा नै मंज़ूर पाए पनि दशकों सम्म यो परियोजना शुरूनै हुन सकेन। अन्ततः PRAGATI तंत्र बमोजिम समीक्षा पछि यसको काम निर्णायक

गतिले तालियो अनि 2020 मा यसको निर्मीम कामलाई पूरा गरि यो संचालित भयो। मार्च 2024 मा पहिलो यात्री ट्रेनलाई हरी झंडी देखाई ट्रेनसेवा शुरू गरी एउटा व्यापक सार्वजनिक वाचा पूरा भयो, जसले यो कॉरिडोर केवल एक माल ढुलाई धमनीको रूपमा मात्र नरहेर संतुलित क्षेत्रीय विकासका लागि एउटा लामो समयको प्रतीक्षित पूरा गरि उत्प्रेरक पनि बनेर गयो। अमन यादवका साथ अशोक चौरसिया, आकाशवाणी समाचार, खर्सांग।)

## नितिन नवीन - पश्चिम बंगाल

भाजपाका नवनियुक्त राष्ट्रिय अध्यक्ष नितिन नवीन आजदेखि पश्चिम बंगालको दुई दिने भ्रमणमा आउँदै हुनुछन्। यस भ्रमणको क्रममा, उहाँले आगामी विधानसभा चुनाव अघि पार्टीको तल्लो तहको संरचनालाई सुदृढ पार्ने उद्देश्यले धैरै महत्त्वपूर्ण संगठनात्मक बैठकहरूमा भाग लिनुहुनेछ। श्री नवीनले भोलि दुर्गापुरमा राज्य कोर टोली बैठकको अध्यक्षता गर्नुहुनेछ, जहाँ संगठनात्मक रणनीति, राजनीतिक रोडम्याप र आगामी कार्यक्रमहरूमा छलफल गरिनेछ।

त्यसपछि उहाँ पूर्वी बर्धमानको चित्रालय मेला मैदानमा बर्धमान डिभिजन कार्यकर्ता सम्मेलनमा भाग लिनुहुनेछ, जहाँ उहाँले पार्टी कार्यकर्ताहरूसँग अन्तरक्रिया गर्नुहुनेछ। त्यसपछि दिउँसो, उहाँ रानीगंजमा आसनसोल जिल्ला कार्यकर्ता सम्मेलनमा भाग लिनुहुनेछ, जहाँ उहाँले संगठनात्मक मुद्दाहरूमा छलफल गर्नुहुनेछ र जिल्ला स्तरमा पार्टी कार्यकर्ताहरूलाई मार्गदर्शन गर्नुहुनेछ।

## सर्वदलीय बैठक

केन्द्रीय संसदीय कार्य मन्त्री किरेन रिजिजूले आज बिहान ११ बजे बजेट सत्रअघि प्रमुख राष्ट्रिय मुद्दाहरू र विधायी कामकाजमाथि छलफल गर्न सर्वदलीय बैठक बोलाएका छन्। बैठक मुख्य समिति कक्षमा हुनेछ र यसको उद्देश्य विधायी कार्यलाई व्यवस्थित गर्नु र सत्रमा उठने प्रमुख राष्ट्रीय मुद्धाहरुको प्रबंधन गर्नु हो। भोलिदेखी शुरू भएर 2 अप्रैलसम्म चलने यस सत्रको पहिलो चरण भोलिदेखी 13 फरवरीसम्म सञ्चालन हुनेछ। दोस्रो चरण मार्च ९ देखि अप्रिल २ सम्म चल्नेछ । बजेट सत्रमा ३० बैठक हुनेछ र केन्द्रीय बजेट २०२६-२७ फेब्रुअरी १ मा प्रस्तुत गरिनेछ। राष्ट्रपति द्रौपदी मुर्मुले लोकसभा र राज्य सभा दुवैका सदस्यहरूलाई सम्बोधन गर्दै सत्रको औपचारिक उद्घाटन गर्नुहुनेछ।

## उत्तराखंड-यूसीसी

उत्तराखण्ड सरकारले समान नागरिक संहिता संशोधन अध्यादेश २०२६ लागु गरेको छ। राज्यपालको स्वीकृतिलगत्तै अध्यादेश कार्यान्वयनमा आएको हो। मुख्यमन्त्री कार्यालयका अनुसार उत्तराखण्डका राज्यपालले भारतको संविधानको धारा २१३ अन्तर्गत यो अध्यादेश जारी गरेका हुन् । यस द्वारा यूसीसी अधिनियम 2024 को विभिन्न प्रावधानहरुमा प्रक्रियात्मक, प्रशासनिक र दंडात्मक सुधार गरिएको छ जसमा कि यसको प्रभावी, पारदर्शी र सुचारू क्रियान्वयनलाई सुनिश्चित गर्न सकियोस।

मुख्यमन्त्री पुष्कर सिंह धामीले समान नागरिक संहिता लागू गरेर उत्तराखण्डले अन्य राज्यहरूका लागि उदाहरण प्रस्तुत गरेको बताउनुभएको छ। उहाँले भन्नुभयो, विगत एक वर्षमा गरिएको पारदर्शिता र सहज कार्यान्वयनले जनताको विश्वास बलियो बनाएको छ। यूसीसी लागू हुनुभन्दा पहिले, विवाहको पंजीकरण उत्तराखंड अनिवार्य विवाह पंजीकरण अधिनियम 2010 अंतर्गत हुने गरिन्थ्यो । सम्पूर्ण प्रक्रिया अफलाइन थियो। तर यूसीसी अन्तर्गत, लगभग १०० प्रतिशत विवाह दर्ता अब अनलाइन भइरहेको छ। फलस्वरूप, यूसीसी लागू भएको एक वर्ष भन्दा कम समयमा जनवरी १९ सम्म कुल 4 लाख 74 हजार चार सौ 47 विवाह पंजीकरण पूरा भएको छ|

## एनएसडी-भारत रंग महोत्सव

राष्ट्रीय नाट्य विद्यालय-एनएसडी ले भोलिदेखि २० फेब्रुअरी २०२६ सम्म विश्वको सबैभन्दा ठूलो अंतरराष्ट्रीय रंगमंच उत्सव भारत रंग महोत्सव-बीआरएमको २५ औं संस्करण आयोजना गर्दैछ। यो संस्करण अहिलेसम्मकै सबैभन्दा

व्यापक र समावेशी संस्करण हुनेछ। यस संस्करण अन्तर्गत, भारत रंग महोत्सव देशका ४० स्थानहरूमा आयोजना गरिनेछ। यसको साथे सात महाद्वीपहरुको कम्तिमा एक-एक देशको नाट्य प्रस्तुतिहरु पनि यसमा समावेस हुनेछ, जस द्वारा यस महोत्सवको वैश्विक पहुंच र सांस्कृतिक प्रभाव अझ बालियो हुनेछ। महोत्सव अवधी कुल 277 भारतीय प्रस्तुतिहरु जसमा 136 चयनित नाटक र आमंत्रित प्रस्तुतिहरु शामिल छन तथा 12 अंतर्राष्ट्रीय प्रस्तुतिहरु प्रदर्शन गरिनेछ।यसले सात महाद्वीपहरू मध्ये प्रत्येकबाट कम्तिमा एक देशबाट नाटकीय प्रदर्शनहरू पनि समावेश गर्दछ, जसले महोत्सवको विश्वव्यापी पहुँच र सांस्कृतिक प्रभावलाई अझ बलियो बनाउनेछ। यी प्रस्तुतिहरू २२८ भारतीय र विदेशी भाषा र बोलीहरूमा प्रदर्शन हुनेछ, जसले भारत रङ्ग महोत्सवलाई भाषिक विविधताको हिसाबले विश्वको सबैभन्दा ठूलो कार्यक्रम बनाउनेछ। यस संस्करणले मैथिली, भोजपुरी, तुलु, उर्दू, संस्कृत, ताई खाम्ती, निशी जस्ता भाषाहरूका साथै लगभग सबै प्रमुख भारतीय भाषाहरू र धेरै आदिवासी र लुप्तप्राय भाषाहरुमा प्रदर्शनको साथ आफ्नो भाषिक र सांस्कृतिक पहुँचलाई विस्तार गर्दछ।